# शैक्षणिक स्रोत व्यक्ति (PRP) को भूमिका तथा जिम्मेवारी

**पदः शैक्षणिक स्रोत व्यक्ति (Pedagogical Resource Person- PRP)**

**कार्य क्षेत्रः बुढीगंगा नगरपालिका, बाजुरा**

**पद श्रेणीः माध्यामिक तह (द्वितीय)**

**अवधिः १ वर्ष (कार्य सम्पादन मूल्याङ्कनका आधारमा थप गरिने)**

## १. पृष्ठभूमि

TECSES परियोजना नेपालमा शिक्षक तालिमको गुणस्तर र नीतिगत तथा व्यवहारिक दुवै तहमा सुधार गर्न लक्षित छ । यसले MoEST तथा यसको सम्बन्धित निकायहरू; तालिम केन्द्र मार्फत सेवाकालीन तालिम र विश्वविद्यालयहरू मार्फत पूर्व सेवाकालीन शिक्षक शिक्षा प्रवर्द्धन गर्न सहयोग गर्छ । यो परियोजना फिनल्याण्ड र युरोपियन युनियन (EU) को आर्थिक सहयोगमा नेपाल सरकार द्वारा संचालित द्विपक्षीय परियोजना हो । यो परियोजना २०२४ मा सुरू भई २०२९ सम्म (पाँच वर्ष) कार्यान्वयन हुनेछ ।

शैक्षणिक स्रोत व्यक्ति (PRP), TECSES अन्तर्गत शिक्षक तालिमका पाठ्यक्रम तथा सामग्रीको प्रयोग, शिक्षक सहायता कार्यक्रम, अध्ययन भ्रमण, शैक्षिक अनुसन्धान, अनलाइन सहायता लगायतका कार्यहरूको पालिका स्तरमा दिगो कार्यान्वयनमा महत्वपूर्ण भूमिका रहन्छ ।

**प्रतिवेदनः** स्थानीय शिक्षा इकाई प्रमुख/ प्रमुख प्रशासकीय अधिकृत

**सम्बन्ध तथा समन्वयः** स्थानीय शिक्षा इकाइ (LEU), विद्यालयहरू, बालबालिका तथा समावेशी शिक्षा सञ्जाल (GIEN), शिक्षा समिति तथा अन्य सरोकारवालाहरू ।

## २. भूमिका तथा जिम्मेवारी

### क) शिक्षण सिकाई सहयोग (५०%)

नियमित रुपमा मासिक योजना बनाएर कम्तिमा १० विद्यालय भ्रमण गर्ने, कक्षा अवलोकन गर्ने तथा सोका आधारमा शिक्षकलाई Coaching र Mentoring प्रदान गर्ने । शिक्षकलाई प्रभावकारी शिक्षण-सिकाई सुनिश्चित गर्न पाठ योजना निर्माण, शिक्षक निर्देशिकाको प्रयोग, बाल केन्द्रित उपचारात्मक तथा बहु कक्षा शिक्षण विधि अपनाउन सहयोग गर्ने साथै, विद्यालयमा शिक्षण सिकाई सामग्री निर्माण तथा प्रयोगमार्फत विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन प्रत्यक्ष प्राविधिक सहायता दिनेछ । डिजिटल सिकाइ तथा डिजिटल प्लेटफर्महरूको प्रयोगलाई स्रोत विद्यालयमार्फत प्रवर्द्धन गर्नेछ ।

# शैक्षणिक स्रोत व्यक्ति (PRP) को भूमिका तथा जिम्मेवारी

**ख) शिक्षा योजना (१५%)**

विद्यालय सुधार योजना तथा स्थानीय स्तरको शिक्षा योजनामा समावेशी शिक्षा, समानता, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना समावेश गर्न प्राविधिक सहयोग प्रदान गर्ने । शिक्षक सिकाइ समूह (Teachers Self Learning Group) मा नियमित अन्तरक्रिया गर्ने तथा Community of Practice प्रवर्द्धनका गतिविधिहरू पनि योजनाबद्ध रूपमा गर्न सहयोग गर्ने ।

**ग) समता तथा समावेशी वातावरण (१५%)**

विद्यालयमा समावेशी मूल्य, मान्यता र संस्कृतिको विकास गर्न विद्यालय नेतृत्वको क्षमता अभिवृद्धि गर्ने । प्रारम्भिक पहिचान (Early screening), व्यक्तिगत सिकाइ योजना (IEP) निर्माण र विद्यालयको Referral system सुदृढ गर्न सहयोग गर्ने । विविध पृष्ठभूमि तथा विशेष गरी अपाङ्गगता भएका बालबालिकाको आवश्यकतालाई सम्बोधन गर्न बहुप्रविधिमा आधारित समावेशी शिक्षण सामग्री विकासमा सहयोग गर्ने । सिकाइको विश्वव्यापी ढाँचा (UDL) अनुरूप शिक्षण अभ्यास कार्यान्वयनमा शिक्षकलाई मार्गदर्शन साथै, स्थानीय तहमा GIEN (Girls and Inclusive Education Network) गठन/पुनर्गठन तथा क्षमता विकासमा सहयोग गर्ने ।

**घ) प्रतिवेदन तथा अभिलेखीकरण (१०%)**

PRP ले मासिक योजना, विद्यालय भ्रमण प्रतिवेदन, कक्षा अवलोकन नतिजा तथा सिकाइ प्रगति अभिलेखीकरण गरी समयमै नगरपालिका र TECSES परियोजनालाई बुझाउनेछ । परियोजनासँग सम्बन्धित कार्यहरू व्यवस्थित रूपमा अभिलेख राखी आवश्यक अद्यावधिक विवरण उपलब्ध गराउने जिम्मेवारी रहनेछ ।

**ङ) समन्वय तथा संचार (१०%)**

स्थानीय तह, विद्यालय स्रोत विद्यालय र TECSES परियोजनाबीच प्रभावकारी समन्वय तथा सूचना आदान-प्रदान सुनिश्चित गर्ने, नगरपालिका भित्रका उत्कृष्ट अभ्यास भएका विद्यालयहरुबीच सिकाइ आदान-प्रदानको वातावरण निर्माण गर्ने, नगरपालिका तथा विद्यालयहरूमा TECSES परियोजनाका क्रियाकलाप सफलतापूर्वक सञ्चालन गर्न आवश्यक सहजीकरण, संचार तथा कार्यान्वयनमा सहयोग प्रदान गर्ने।

३. शैक्षिक योग्यता तथा अनुभव

क) मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको ।

ख) शिक्षा शास्त्र संकायमा न्यूनतम शैक्षिक उपाधि प्राप्त गरेकोलाई प्रमुख प्राथमिकता ।

## शैक्षणिक स्रोत व्यक्ति (PRP) को भूमिका तथा जिम्मेवारी

ग) कम्तिमा १० वर्षको विद्यालय/क्याम्पसको शिक्षण वा शिक्षा कार्यक्रम संग सम्बद्ध प्रशिक्षणमा अनुभव भएको ।

घ) शिक्षक तालिम तथा पेशागत विकास र सहयोग सम्बन्धि कार्यक्रममा अनुभव भएको ।

ङ) फिल्ड कार्य, विद्यालय भ्रमण तथा कक्षा अवलोकनमा रुची र तत्परता भएको ।

च) समावेशी शिक्षण सिकाइ सम्बन्धि ज्ञान तथा अनुभव भएको ।

छ) विद्यालय अनुगमन तथा मूल्याङ्कन कार्यमा दक्षता भएको ।

ज) कम्प्युटर तथा सूचना प्रविधिको राम्रो ज्ञान भएको ।

झ) प्रतिवेदन लेखन तथा प्रस्तुतीकरण गर्ने क्षमता भएको ।

ञ) नेतृत्व, सहकार्य तथा सकारात्मक सोच भएको ।